**AIPP statute and by laws**

# एशिया आदिवासीहरुको गठबन्धनको विधान र नियमहरु

२०१२

एशिया आदिवासीहरुको गठबन्धको लागी

नेपालीमा अनुवादः नन्द कन्दङ्वा

जुन २०१३

## १.१ एशिया आदिवासीहरुको गठबन्धनको विधान र नियमहरु
(८ सेप्टेम्बर २०१२ भएको एशिया आदिवासीहरुको गठबन्धनको छैटौ साधारण सभाबाट अनुमोदित)

### प्रावधानहरु

प्रस्तावना

हामी एशियाका आदिवासीहरुको संगठनहरु र आन्दोलनहरु एक ठाउमा आएर एक अर्कामा विश्वास र एक अर्कालाई सम्मान गर्दै, हाम्रा मानिसहरुको आकांक्षा र बर्तमान परिस्थितिको चासोहरुमा र ईतिहासमा छलफल गर्दै र आदान प्रदान गर्दै, हाम्रो पुर्ख्यौलि थलो र हाम्रो मातृभुमिको अधिकारलाई सुनिश्चित गर्ने हाम्रो अठोटमा दृढ रहदै, हाम्रो संस्कृति, मुल्य र परम्परा अनुरुप हाम्रो भु–सिमा र श्रोतहरुलाई रक्षा, उपयोग र विकास गर्न हामीमा रहेको आत्मनिर्णयको अधिकारको उद्घोषण गर्दै यो विधान तथा नियम कानुनहरु घोषणा गर्दछौ र जारी गर्दछौ ।

धारा १. नाम

दफा १ः संगठनको नाम एशिया ईन्डीजिनस पिपल्स प्याक्ट (एशिया आदिवासीहरुको गठबन्धन) रहनेछ यस पछि यसलाई एआईपिपी **(AIPP)** भनिनेछ ।

धारा २ कार्यालय

दफा १ः एआईपिपीको सचिवालयको कार्यालय साधारण सभाले गरेको निर्णय अनुसार कहि पनि रहनेछ ।

धारा ३ छाप

दफा १ः यस संगठनको संस्थागत चिन्ह निम्न दिए अनुसार हुनेछ;

यस संस्थागत चिन्हमा बुनिएको चिन्हले एशियाका आदिवासीहरु बिचको दिदी–बहिनीत्व, बन्धुत्व र भातृत्वका साथसाथै उनीहरु बिचको अन्तरसम्बन्ध, सौहार्दपुर्ण सम्बन्ध र आदिवासीहरुको संस्कृतिको सम्पन्नताको प्रतिनिधीत्व गर्दछ ।

उपयुर्क्त बुनिएको चिन्हमा ‘एआईपिपी’ अक्षरहरुले एआईपिपीको भूमिका र अस्तित्वको अर्थलाई संकेत गर्दछ । एशियामा आदिवासीहरु श्रेष्ठ र प्रबल भएकोले रातो रंगले आदिवासीहरुको संघर्षको सामुहिक शक्ति र ऐक्यबद्धतालाई संकेत गर्दछ । देब्रे र दाहिने पखेटामा अंकित सेता ताराहरुले उप–क्षेत्रिय निर्माणलाई संकेत गर्दछ । रंगिन एआईपिपी अक्षरहरुले आदिवासीहरु पर्यावरणीय मानिसहरु भएको संकेत गर्दछ ।

धारा ४ दर्ता र बैधानिक्ता (एक्रेडिटेसन)

दफा १; यो संगठन प्रतिष्ठापन (एशिया आदिवासी गठबन्धन प्रतिष्ठापन) कोरुपमा र मुनाफा नकमाउने एक गैरसरकारी संस्थाकोरुपमा बैधानिकरुपमै थाई संस्कृति मन्त्रालय अन्तर्गत थाईल्याण्डको च्याङमेईमा सन् २००५ मा दर्ता रहेको छ ।

दफा २: एआईपिपी संयुक्त राष्ट्र संघको सामाजिक तथा आर्थिक परिषदमा जुलाई २०१२ देखि बिशेष परामर्शदात्री गैरसरकारी संस्थाकोरुपमा अनुमोदित भएको छ ।

दफा ३: एआईपिपी जलवायु सम्बन्धि संयुक्त राष्ट्र संघिय कार्यढाचा महासन्धि **(UNFCCC)** मा सन् २०११ र संयुक्त राष्ट्र संघिय विश्व बिद्धत सम्पति संगठन **(WIPO)** मा सन् २०१२ जुलाईमा अनुमोदन भएको संस्था हो ।

धारा ५. संगठनको स्वरुप तथा संरचना

दफा १: एशियामा आदिवासीहरुको आन्दोलनलाई प्रतिनिधीत्व गर्ने संगठनहरुको क्षेत्रिय संध यस संगठनको स्वरुप हुनेछ जस्ले आदिवासी आन्दोलन र सदस्य संगठनहरु बिचको एकता र ऐक्यबद्धतालाई सहयोग र सवल बनाउन सहजीकरण गर्दछ ।

धारा ६. उदेश्य

दफा १: एशियाका आदिवासीहरुलाई प्रभाव पारीरहेको सवालहरुमा साझा एजेण्डा र साम्रा कार्यक्रम बिकास गर्नका लागी आपसी आकांक्षा, बिचार तथा अनुभव आदान प्रदान, आपसी सहयोग, ऐक्यबद्धता र समन्वयलाई सुदृढ गर्ने,

दफा २: आदिवासी समुदाय, संगठन र संस्थाहरुको क्षमता अभिबृद्धी गर्नका साथै महिला तथा युवाहरुको विभिन्न तहका सरोकार तथा सवालहरुलाई प्रतिव्यक्त **(respond)** गर्ने,

दफा ३: सदस्य संगठनहरुको आवश्यक्ता, मुख्य तथा रणनितिक सवालहरुमा आधारीत कार्यक्रमहरु बिकास गर्ने,

दफा ४: आदिवासीहरुको हितको लागी सबै तहमा पैरवी गर्ने र सान्दर्भिक राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय प्रकृयाका साथ साथै सान्दर्भिक संस्था तथा एजेन्सीहरुसंग संलग्न हुने,

दफा ५: पैरवीकर्ता र सहयोगी संगठनहरुसंगको सम्बन्ध, सन्जालिकरण र समन्वयलाई सवलिकरण गर्ने, र एशियाका आदिवासीहरुको आकांक्षालाई महशुस गर्ने अन्य आन्दोलन र संगठनहरुलाई समर्थन गर्ने यसका साथै समानता, शान्ति, लोकतन्त्र र न्याय प्राप्तिमा योगदान गर्ने,

धारा ७. परिदृष्य, लक्ष र उदेश्य

दफा १: परिदृष्य
एशियाका आदिवासीहरु उनीहरुका अधिकारहरु, फरक संस्कृतिहरु र पहिचानहरु पुर्णरुपमा अभ्यास गरिरहनेछन र शान्ति, न्याय र समानताको वातावरणमा उनीहरुका आफ्नो भबिष्य र बिकासको लागी उनीहरुका जमिन र श्रोतहरुको दिगो व्यवस्थापन प्रणलीको बृद्धि गरिरहनेछन र सम्मानसाथ जीवन जिइरहनेछन,

दफा २: लक्ष
आदिवासीहरुको अधिकार, संस्कृति र पहिचान अनि उनीहरुको बिकास र आत्मनिर्णयको लागी उनीहरुको दिगो श्रोत व्यवस्थापन प्रणालीको सम्बर्धन र प्रबर्धन गर्न एशियाका आदिवासीहरुको ऐक्यबद्धता, सहयोग र क्षमतालाई सवल बनाउने,

दफा ३: उदेश्य
३.१ आदिवासीहरुको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय घोषणा पत्र र अन्य अन्तर्राष्ट्रिय मानव अधिकारका साधन अनुरुप उनीहरुको पहिचान, सामुहिक अधिकार र बैधानिक मान्यता दावीका साथ एशियाका आदिवासीहरुको आधारभुत स्वतन्त्रता र मानव अधिकारको रक्षा र प्रबर्द्धन गर्न उनीहरुलाई शशक्तिकरण गर्ने,

३.२ आदिवासीहरुको आन्दोलनलाई सवल बनाउन एशियाका आदिवासीहरुको व्यापकरुपमा ऐक्यबद्धता र सहयोगको निर्माण गर्ने,

३.३ प्रकृति र वातावरणको अखण्डताको संरक्षण र प्रबर्द्धन गर्ने र आदिवासीहरुको दिगो श्रोत व्यवस्थापन प्रणाली साथै जमिन, सिमा र श्रोतहरुमाथी उनीहरुको पुर्ण नियन्त्रण कायम गरेर उनीहरुको परम्परागत ज्ञान, खाद्य सम्प्रभुता र जैविक विविधताको रक्षा, बिकास र बृद्धि गर्ने,

३.४ आदिवासीहरुको खास गरि आदिवासी महिला र युवाको निर्णय गर्ने सबै तहमा पुर्ण, प्रभावकारी सहभागीता र प्रतिनिधीत्व प्राप्त गर्ने,

३.५ समता, समानता, शान्ति, लोकतन्त्र र न्याय प्राप्तीका लागी अन्य सामाजिक आन्दोलनहरुसंगको ऐक्यबद्धता र सहयोगलाई सबल बनाउने,

धारा ८. सदस्यता
दफा १: एशियाका आदिवासीका सबै संगठन र आन्दोलनका साथै आदिवासी महिला र युवा तथा जातियता आधारित संगठनहरु जस्ले एआईपिपीको लक्ष र उदेश्यलाई योगदान गर्दछन तिनीहरु सबैलाई एआइपिपीको सदस्यता खुला हुनेछ,

दफा २: यस्ता संगठन र आन्दोलनहरु जो एआईपिपीको सदस्य बन्न चाहन्छन एआइपिपीको कार्यकारीणी परिषदले सदस्य उम्मेद्वारको रुपमा निर्णय लिन उनीहरुले आवश्यक निबेदन फर्म भर्नु पर्नेछ र संगठनको बारेमा सुचनाहरु उपलव्ध गराउनु पर्नेछ, र कार्यकारीणी परिषदको निर्णय साधारण सभाद्धारा अनुमोदन हुनु पर्नेछ,

दफा ३: संगठन र आन्दोलनको तहको आधारमा ३ किसिम / श्रेणीको सदस्यता हुनेछः

- स्थानिय किसिम (स्थानिय या सामुदायिक संगठन / आन्दोलन)
- उपराष्ट्रिय किसिम (राज्य या प्रादेशिक तहको संगठन / आन्दोलन)
- राष्ट्रिय किसिम (राष्ट्रिय तहको संगठन / आन्दोलन)

दफा ४: समग्रमा संगठनको सुदृढिकरणको आवश्यक्ता र व्यवस्थापनको क्षमता, भौगोलिक सन्तुलन र महिला तथा युवा संगठनहरुको सदस्यतामाथी बिचार गरिनेछ ।

धारा ९. संगठनको सन्जाल

दफा १: एआइपिपीले एउटा सन्जालकोरुपमा पनि काम गर्दछ र यसले अन्य आदिवासी जनसंगठनहरु जो एआइपिपीको अंशकोरुपमा रहन चाहन्छन तर सदस्यकोरुपमा जोडिन चाहदैनन यस्ता संगठनहरुसंग सम्बन्ध स्थापित गर्नेछ । सम्पर्कमा रहेका यस्ता सन्जालका साथै एआईपिपीका परियोजना साझेदारहरुलाई एआईपिपीको कार्यक्रम तथा गतिविधीहरुमा सहभागी हुन निमन्त्रणा गर्न सकिनेछ र नियमित प्रकाशन तथा खबरको अपडेट पाइनु पर्नेछ,

दफा २: एआइपिपीले साधारण सभाको बिचमा मुख्य बिकासहरु, प्राथमिक्ताका सवालहरु र सम्बन्धित उपक्षेत्रका चासो, कार्यक्रम र योजनाको समिक्षा, समन्वय संयन्त्र र एआइपिपीको सामान्य कार्यक्रम, उदेश्य र लक्ष सम्बन्धका चासोहरुमा परामर्श लिन सदस्यहरु, साझेदारहरु र सन्जालमा आवद्धहरुको उपक्षेत्रिय बैठक सन्चालन गर्नेछ,

धारा १०. साधारण सभा

दफा १: सबै सदस्य संगठनहरुले पठाएका प्रतिनिधीहरुबाट एआइपिपीको साधारण सभा बन्नेछ / चल्नेछ,

दफा २: साधारण सभा एआइपिपी संगठनको निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ,

दफा ३: साधारण सभामा सबै निर्णयहरु सदस्य संगठनहरुका प्रतिनिधीहरुले सहमतिमा गर्नेछन,

दफा ४: कार्यकारिणी परिषदले हरेक ४ बर्षमा साधारण सभा आयोजना गरि सन्चालन गर्नेछ,

दफा ५: साधारण सभाले कार्यकारिणी परिषद निर्माण गर्नेछ,

धारा ११. प्रतिष्ठापन बोर्ड

दफा १: यसले बैधानिक्ता प्राप्त गरेको देशको नागरिकहरुबाट कानुन बमोजिम एआईपिपी प्रतिष्ठापन बोर्डको गठन हुनेछन । नागरिकहरु तथा एआइपिपीका पुर्व अध्यक्ष र महासचिवहरु जस्ले आदिवासीहरुलाई तथा एआईपिपीको लक्ष र उदेश्यहरुमा सहयोग प्रदर्शन गरिसकेका छन तिनीहरु बोर्डको सदस्य हुनेछन,

दफा २: बोर्डमा सदस्यहरु यस प्रकार रहनेछनः अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष जो संगठन दर्ता भएको या संगठनले बैधानिक्ता पाएको देशका नागरिकहरु हुनेछन र अन्य सदस्यहरु हुनेछन ।

धारा १२. कार्यकारी परिषद

दफा १: साधारण सभा नहुदासम्मको अवस्थामा कार्यकारी परिषद संगठनको निर्णय गर्ने निकाय हुनेछ,

दफा २: कार्यकारी परिषद निम्नानुसार बन्नेछ:

- सम्बन्धित उपक्षेत्रहरुमा सदस्यहरुबाट छानिनु पर्ने एआइपिपीको स्विकृत उपक्षेत्रिय समुह **(cluster)** प्रत्येकबाट छानिएका नेताहरु,
- साधारण सभाबाट सोझै निर्वाचित अध्यक्ष र महासचिव,
- साधारण सभाबाट अनुमोदन हुने गरि युवा तथा महिलाका प्रतिनिधीहरु प्रत्येकबाट मनोनित १/१ जना प्रतिनिधीहरु, र
- साधारण सभाले कार्यकारी परिषदमा लैंगिक सन्तुलन बनाउन ध्यान दिनेछ ।

दफा ३: कार्यकारी परिषदका सदस्यहरुको कार्यकाल साधारण सभा नहुदासम्म ४ बर्षको हुनेछ । कार्यकारी परिषदको कार्यकाल बढिमा लगातार २ कार्यकालको हुनेछ ।

धारा १३. सचिवालय

दफा १: कार्यकारी परिषद, एआइपिपीका सदस्यहरु, साझेदारहरु र सन्जालहरुसंगको घनिभुत सहयोग र समन्वय र महासचिवको सुपरिबेक्षणमा साधारण सभाबाट अनुमोदन भएका एआइपिपीका कार्यक्रम तथा गतिविधीहरुको कार्यान्वयनको लागी सचिवायल जिम्मेवार हुनेछ,

दफा २: सचिवालय एशियाका आदिवासी व्यक्तिहरुबाट बन्नेछ र सम्पन्न गरिनु पर्ने काम अनुसारको योग्यता हुनु पर्नेछ,

दफा ३: सचिवालयको सुपरिबेक्षण र व्यवस्थापनमा सहयोग गर्न र बिशेष गतिविधीहरु तथा लक्षित कार्यको कार्यान्वयनमा सहयोग गर्न कार्यकारी परिषदको परामर्शमा महासचिवले सहमहासचिव नियुक्त गर्नेछ,

दफा ४: सचिवालयका सदस्यहरु सोझै महासचिव र कार्यकारी परिषदसंग उत्तरदायी हुनेछन ।

धारा १५.संसोधन

दफा १: साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई मतद्धारा बिधान तथा नियमहरु संसोधन, खारेज या परिवर्तन पुरै या आंशिकरुपमा गर्न सकिनेछ,

## एआईपिपीको नियमहरु

धारा १. सदस्यता बक्यौता, अधिकार र सुबिधाहरु

दफा १: एआइपिपीको सदस्य हुन चाहने संगठनहरु र आन्दोलनहरुले निबेदन फर्म भर्न आवश्यक पर्नेछ र संगठन सम्बन्धि सुचनाहरु सदस्य उम्मेदवारको निबेदनमाथी निर्णय गर्ने कार्यकारी परिषदलाई उपलब्ध गराउनु पर्नेछ । केहि निश्चित देशहरुमा जहा बिद्यमान राजनितिक परिस्थितिका कारण जनसंगठनहरु / आन्दोलनहरु अस्तित्वमा छैनन त्यस्तो देशको लागी आदिवासीहरुले व्यवस्थापन या नेतृत्व गरेका गैरसरकारी संस्थाहरुलाई सदस्यको लागी बिचार गरिनेछ । यस्ता सदस्यहरुको सदस्यता साधारण सभाले अन्तिमरुपमा अनुमोदन गर्नेछ,

दफा २: सदस्यहरुले बार्षिक सदस्यता शुल्क तिर्नु पर्नेछ, शुल्कको परिमाण सदस्यताको प्रकारमा भर पर्दछ जुन निम्न अनुसार छ:

- यु.एस.डलर २०: स्थानिय श्रेणी या किसिम (स्थानिय या सामुदायिक संगठन / आन्दोलन)
- यु.एस.डलर ३५: उपक्षेत्रिय किसिम (राज्य या प्रादेशिक तहको संगठन / आन्दोलन)
- यु.एस.डलर ५०: राष्ट्रिय किसिम (राष्ट्रिय तहको संगठन / आन्दोलन)

दफा ३: सदस्यहरुको अधिकार र सुविधाहरु निम्नअनुसार हुनेछ:

क. बिधान र नियमहरुको साथ साथै एआईपिपीको निति तथा निर्देशिकाको खिलापमा जानी जानी काम गर्ने सदस्यलाई सदस्यताबाट निलम्बन गरिनेछ । उपक्षेत्रका सम्बन्धित सदस्यहरुसंगको परामर्शमा कार्यकारी परिषदले अस्थायी निलम्बन अघाडी बढाउनेछ । अन्तिम निलम्बन साधारण सभाले गर्नेछ ।

कार्यकारीणी परिषदले निश्चित सदस्यहरुलाई निस्कृयकोरुपमा बर्गिकरण गर्न सक्दछ यदि तिनीहरु क्षेत्रिय सचिवालयसंग सन्चारमा रहेका हुदैनन र एआइपिपीको गतिविधीमा कम्तिमा २ बर्ष देखि सहभागी भएका हुदैनन । सचिवालयले तिनीहरुलाई यस सम्बन्धमा कारण देखाउन पत्र पठाएर जनाउ दिनेछ । साधारण सभाले यस्ता निस्कृय रहेका सदस्यहरुको समिक्षा गर्नेछ र यस्ता निलम्बनमा परेका निस्कृय सदस्यहरुको

अन्तिम निर्णय लिने काम गर्नेछ । कुनै पनि निलम्बनमा परेको सदस्यले कार्यकारीणी परिषद मार्फत सदस्यता नबिकरणको लागी पुन निवेदन दिन सक्नेछन ।

ख. एआइपिपीको काम गराईमा साथ साथै एआइपिपीसंग सम्बन्धित कुनै पनि बिषय र आदिवासीहरुको हित र संघर्षसंग सम्बन्धित बिषयहरुमा कार्यकारीणी परिषद र साधारण सभाको ध्यान खिच्न सदस्यहरुले आवाज उठाउन पाउने अधिकार हुन्छ,

ग. एआइपिपीका कार्यक्रम तथा गतिबिधीहरुको मुल्यान्कन, योजना र कार्यान्वयनको सुपरिबेक्षण र सल्लाहको लागी एआइपिपीद्धारा स्थापित कार्यक्रम समितिहरु र समन्वय संयन्त्रहरुको अंश या भाग हुन पाउने सदस्यहरुको अधिकार हुन्छ,

घ. एआइपिपीको राष्ट्रिय, क्षेत्रिय तथा विश्व तहका सबै कार्यक्रम तथा गतिबिधीहरुमा सदस्यहरुलाई सहभागी गर्न प्राथमिक्ता दिइनेछ र यसको लागी केहि सोच र फण्डको उपलब्धता अथवा बिशेष गतिविधी / कार्यक्रमको लागी छुट्याइएको बजेट बिचरणीय बिषय हुनेछ,

ङ. उपयुक्त हुने अवस्थामा कार्यक्रम र परियोजना कार्यान्वयको लागी फण्ड सहितको सोझै साझेदारीका लागी सदस्यहरुलाई प्राथमिक्ता दिइनेछ,

च. बिभिन्न रुपका प्रत्यक्ष र अप्रत्यक्ष सहयोगहरु जस्तै प्राविधिक, लजिष्टीक र सदस्य संगठनहरुको प्राथमिक / जरुरी सवालहरुको लागी आर्थिक सहयोग प्राप्त गर्न सदस्यहरु अधिकार राख्छन, तर ति कार्यकारिणी परिषद, क्षेत्रिय सचिवालय र फण्ड तथा श्रोतको उपलब्धताको क्षमता अनुसार हुन्छ,

छ.परस्परमा आदान प्रदान गर्ने संयन्त्र, मुख्य सवालहरु पहिचान, आदिवासीका चासोहरु, क्षेत्रिय सचिवालयले कार्यान्वय गरेका गतिविधीहरुमा पृष्ठपोगण र टिप्पणी गर्न, एआइपिपीका कार्यक्रमलाई बिचार सहयोग दिन, समन्वय र सन्चारको लागी संयन्त्र जस्ता सांगठानिक सबलिकरणका लागी अन्य गतिविधी तथा मुख्य गतिविधीहरु पहिचान गर्न आयोजित एआइपिपीका उपक्षेत्रिय बैठकहरुमा सदस्यहरु सहभागी हुन पाउने अधिकार राख्छन,

ज.सदस्यहरुका संगठन बिकास सम्बन्धका कुराहरु, एआइपिपीका गतिविधी, कार्यक्रम र कार्यलाई बिचार सहयोग, बिचार अभिव्यक्ति, टिप्पणी, पृष्ठपोषण  आदान प्रदान गर्ने माध्यमकोरुपमा एआइपिपीको सदस्यहरुको सेवा सुचिमा सान्दर्भिक सुचना पठाउन र पाउन सदस्यहरु अधिकार राख्छन,

झ.एआइपिपीका सबै प्रकाशन र अन्य सामाग्रीहरु प्राप्त गर्न सदस्यहरु अधिकार राख्छन,

ञ. कार्यकारिणी परिषदको निर्णय मिनट्स र सांगठानिक दस्ताबेजहरुका साथै एआइपिपीको आर्थिक प्रतिबेदनहरु, प्रस्तावहरु र अनुरोधमा सचिवालयका अन्य समसामयिक दस्ताबेजहरु प्राप्त गर्न सदस्यहरु अधिकार राख्छन,

छ. एआइपिपीका गतिविधी तथा कार्यक्रम, उनीहरुबिचको सांगठानिक सरोकारहरुसंग सम्बन्धित कुनै पनि बिषयहरुमा क्षेत्रिय सचिवालय, कार्यकारिणी परिषद सदस्यहरु, महासचिवसंग सदस्यहरु सोझै सन्चार गर्न अधिकार राख्छन,

ज. निर्देशिकामा आधारित एआइपिपीका नया सदस्यहरुलाई अनुमोदन गर्न सदस्यहरु अधिकार राख्छन,

झ.सचिवालयमा कुनै पनि कर्मचारी पद सिर्जना गर्न या उम्मेदवारलाई अनुमोदन गर्न अधिकार राख्छन,

दफा ४: सदस्यहरुका कर्तव्य र जिम्मेवारीहरु निम्न बमोजिम हुनेछनः

क. सदस्यहरुले एआइपिपी सचिवालय र कार्यकारिणी परिषदसंग एआइपिपीको सुचना आदान प्रदान तथा ज्ञान बिकासलाई बृद्धि गर्न सन्चार कायम राख्नु, सांगठानिक बिकास अपडेट दिनु, सान्दर्भिक तथा समसामयिक सुचनाहरु र उनीहरुका गतिविधीहरुका सुचनाहरु आदान प्रदान गर्नु सदस्यहरुको कर्तव्य तथा जिम्मेवारी हुनेछ,

ख. सदस्यहरुले एआईपिपीको उदेश्य र लक्षहरुलाई प्रबर्द्धन गर्नु पर्नेछ, एआइपिपीको कार्यक्रम तथा गतिविधीहरुमा पुर्णरुपमा सहभागी हुन र सबै निर्धारण गरिएका सदस्यता शुल्क तिर्न पर्ने कर्तव्य हुनेछ,

ग. सदस्यहरु जो एआइपिपी कार्यक्रम या परियोजना कार्यान्वयको साझेदार रहेका छन तिनीहरुले सम्बन्धित सदस्य र एआइपिपी बिच भएको समझदारी पत्र या कार्य बिबरणको कार्य शर्त **(ToR)** अनुसार परियोजना कार्यान्वय गर्नु पर्नेछ,

ङ. सदस्यहरुले एआइपिपीको साधारण सभामा स्विकार गरिएका निति तथा निर्देशिका या कार्य निर्देशलाई पालना गर्नु पर्नेछ जस्तै बित्त निति तथा लैंगिक निति आदि,

च. सदस्यहरुले एआइपिपीले स्थापित गरेका समन्वय संयन्त्र जस्तो कि क्षेत्रिय र अन्तर्राष्ट्रिय प्रकृयाहरु, निकायहरु तथा संयन्त्रहरु, कार्यक्रम समितिहरु तथा समन्वय समितिहरुको अंशकोरुपमा कार्यहरु सम्पन्न गर्नु पर्नेछ,

दफा ५: कुनै पनि संगठन या आन्दोलनको सदस्यता तलका आधारमा निलम्बन या समाप्त हुनेछः

क. जानी जानी एआइपिपीको बिधान तथा नियमवलीको साथै निति र निर्देशिकाको बिरुद्धमा काम गर्ने कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन हुन सक्नेछ । यसको लागी कार्यकारिणी परिषदले उपक्षेत्रिय सदस्यहरुको परामर्शमा अस्थायी निलम्बन जारी गर्नेछ । साधारण सभाले अन्तिमरुपमा निलम्बनको निर्णय गर्नेछ ।

कार्यकारीणी परिषदले निश्चित सदस्यहरुलाई निस्कृयकोरुपमा बर्गिकरण गर्न सक्दछ यदि तिनीहरु क्षेत्रिय सचिवालयसंग सन्चारमा रहेका हुदैनन र एआइपिपीको गतिविधीमा कम्तिमा २ बर्ष देखि सहभागी भएका हुदैनन । सचिवालयले तिनीहरुलाई यस सम्बन्धमा कारण देखाउन पत्र पठाएर जनाउ दिनेछ । साधारण सभाले यस्ता निस्कृय रहेका सदस्यहरुको समिक्षा गर्नेछ र यस्ता निलम्बनमा परेका निस्कृय सदस्यहरुको अन्तिम निर्णय लिने काम गर्नेछ । कुनै पनि निलम्बनमा परेको सदस्यले कार्यकारीणी परिषद मार्फत सदस्यता नबिकरणको लागी पुन निवेदन दिन सक्नेछन ।

ख. कुनै पनि संगठन या आन्दोलनले एआइपिपीबाट आफ्नो सदस्यता फिर्ता गरेमा उक्त सदस्यको सदस्यता समाप्त हुनेछ ।

धारा २. साधारण सभाः बैठक र कर्तव्य

दफा १: सदस्यहरुलाई कम्तिमा ६० दिनको सुचना दिएर साधारण सभाको बैठक बस्न तथा सन्चालन हुनेछ,

दफा २: साधारण सभाको बैठक सन्चालनको लागी साधारण सभामा बोलाईएका प्रतिनिधीहरुको दुइतिहाई प्रतिनिधी सदस्य संख्यालाई गणपुरक संख्या मानिनेछ । गणपुरक संख्या नपुगी बैठक रोकिएको अवस्थामा, रोकिएको बैठकको लागी सन्चालन गर्न गणपुरक संख्या आवश्यक हुने छैन ।

दफा ३: साधारण सभाका सदस्यहरुको कर्तव्य निम्न बमोजिम हुनेछ:

क. एशियाका आदिवासीहरुको अवस्थाको समिक्षा गर्ने, र एआइपिपीको साधारण कार्यक्रम, रणनिति, निति र नियमावली साथ साथै कार्य योजनामा छलफल गर्ने र अनुमोदन गर्ने,

ख. कार्यकारिणी परिषद बनाउने र महासचिव मनोनयन गर्ने र अध्यक्षको मनोनयन गर्ने,

ग. कार्यकारिणी परिषदको प्रतिबेदन र समिक्षा अवधिसम्मको हिसावको विवरण प्राप्त गर्ने,

घ. कार्यकारिणी परिषदले अनुमोदन गरेका नियमित सदस्यताको उम्मेद्धार सदस्यहरु स्विकृत गर्ने,

ङ. संगठनको बेरोकटोक कार्यको लागी सांगठानिक संरचना, संयन्त्र र प्रकृयाहरुमा निर्णय र समिक्षा गर्ने,

च. उपयुक्त हुने गरि कार्यकारिणी परिषद र महासचिवलाई कामहरु बिनीयोजन गर्ने,

छ. सदस्यहरुले साधारण सभालाई देखाएको कुनै पनि बिषयहरुमा निर्णय र छलफल गर्ने,

ज. एआइपिपी प्रतिष्ठापन बोर्ड सदस्यहरुको अनुमोदन गर्ने,

झ. एआइपिपीको बिधान र नियमहरु संसोधन र अनुमोदन गर्ने,

धारा ३. प्रतिष्ठापन बोर्ढः बैठक र कर्तव्य

दफा १: बोर्डको बैठक बर्षको कम्तिमा एक पटक बस्नेछ,

दफा २: बोर्डका सदस्यहरुको कर्तव्य निम्न अनुसार हुनेछ:

क. बोर्ड सदस्यहरुले बित्तिय व्यवस्थापनलाई हेर्ने र सुपरिबेक्षण गर्नेछन र सचिवालयको अडिट भएको वित्तिय प्रतिबेदनको समिक्षा गर्नेछन,

ख. बोर्ड सदस्यहरुले कार्यकारिणी परिषद र सचिवालयलाई एआइपिपीको बैधानिक दर्ताबारेका आवश्यक्ताका बिषयहरुमा र कार्यकारिणी परिषदले अनुरोध गरेका बिषयहरुमा सल्लाह दिनेछन,

धारा ४. कार्यकारिणी परिषद: बैठक, बनावट र कर्तव्य

दफा १: कार्यकारिणी परिषदको बैठक हरेक बर्ष या साधारण सभाको बिचमा कम्तिमा २ पटक बस्नेछ,

दफा २: कार्यकारिणी परिषदको बैठकको लागी जम्मा सदस्यको दुइतिहाई गणपुरक संख्या मानिनेछ। गणपुरक संख्या नपुगी बैठक रोकिएको अवस्थामा रोकिएर भएको बैठकको लागी गणपुरक संख्यको आवश्यक्ता पर्ने छैन,

दफा ३: अध्यक्षको परामर्शमा महासचिवले कम्तिमा ३० दिनको सुचनामा कार्यकारिणी परिषदको बैठक बोलाउन सक्नेछ,

दफा ४: कार्यकारिणी परिषदको सदस्यको मनोनयन र छनौट तलका क्राइटेरिया या योग्यताले निर्देशित गरे अनुसार हुनेछ:

क. सकृया नेता या एआइपिपीको सदस्य संगठनको सदस्य हुनु पर्नेछ,

ख. एआइपिपी एक संगठनकोरुपमा र यसका कार्यक्रमकाबारेमा आधारभुत ज्ञान भएको हुनु पर्नेछ

ग. कार्यकारिणी परिषदमा सदस्य हुन उसको / उनको संगठनको अनुमोदन या समर्थन हुनु पर्नेछ,

घ. आदिवासी आन्दोलनमा या उनको / उस्को संगठनमा कार्य सम्पन्नता र अखण्डता (निरन्तरता) को रेकर्ड राम्रो हुनु पर्नेछ,

ङ. आदिवासीहरुको अधिकार, सवाल र भलाईको कामलाई प्रबर्द्धन गर्ने उत्कट प्रतिबद्धता हुनु पर्नेछ,

च. कार्यकारिणी परिषदको सदस्यकोरुपमा उनको / उसको कर्तव्य र जिम्मेवारी पुरा या सम्पन्न गर्न समय र प्रतिबद्धता हुनु पर्नेछ र साथै एआइपिपीसंग आंशिक समय काम या पुरा समय काम गर्ने हुनु पर्नेछ ।

दफा ५: कार्यकारिणी परिषदको सदस्यहरुको छनौटमा लैंगिक सन्तुलन कायम गर्न र विभिन्न उमेर तहका युवा तथा जेष्ठहरुलाई उचित ध्यान दिनु पर्नेछ,

दफा ६: कार्यकारिणी परिषदका सदस्यहरु प्रत्येक उपक्षेत्रका सदस्यहरुले पठाएकाउपक्षेत्रिय प्रतिनिधीहरुको छनौटबाट हुनु पर्नेछ । प्रत्येक उपक्षेत्रबाट कार्यकारिणी परिषदमा आउने सदस्य संख्या र प्रत्येक उपक्षेत्रबाट कार्यकारिणी परिषदको प्रतिनिधी संख्या प्रत्येक उपक्षेत्रका सदस्यहरुले निम्न अनुसार तोक्नेछन:

| सि.नं. | चार उपक्षेत्रिय समुह | सदस्य संख्या | का.प. संख्या |
|---|---|---|---|
| १. | पुर्वी एशिया: जापान, रुक्युस र ताईवान / चिन | ६ | १ |
| २. | दक्षिण पुर्वी एशिया: फिलिपिन्स, टिमोर ईस्टे, ईण्डोनेशिया र मलेशिया | ७ | २ |
| ३. | मेकङ्: भियतनाम, लाओस, कम्बोडिया, थाईल्याण्ड र बर्मा / म्यानमार | १३ | २ |
| ४. | दक्षिण एशिया: नेपाल, भारत मुख्य भुमि, बंगलादेश र उत्तर पुर्वी भारत | १७ | ३ |
| | **जम्मा** | ४३ | **८** |
| ५. | साधारण सभाबाट चुनिएका अध्यक्ष र महासचिव | | २ |
| ६. | महिला र युवा | | २ |
| | **कुल जम्मा** | ४३ | **१२** |

दफा ७: महिला र युवाको प्रतिनिधीहरु उनीहरुका प्रतिनिधी मण्डलले मनोनयन गर्नेछन जुन साधारण सभाले अनुमोदन गर्नु पर्नेछ,

दफा ८: अध्यक्ष र महासचिव साधारण सभाबाट चुनिनेछन,

दफा ९: एआइपिपीको अध्यक्ष र महासचिव निर्देशिका अनुसारको निम्न क्राइटेरिया र योग्यताको आधारमा मनोनयन तथा छनौट हुनेछन:

क. सकृया नेता या एआइपिपीको सदस्य संगठनको सदस्य हुनु पर्नेछ र आदिवासीहरु प्रति प्रतिबद्धता देखाईसकेको हुनु पर्नेछ,

ख. ३ बर्ष सम्म एआइपिपीको गतिविधीमा सकृयतापुर्वक संलग्न भएको हुनु पर्नेछ,

ग. आदिवासीको लागी र पक्षमा निरन्तर काम गरेको रेकर्ड राम्रो हुनु पर्नेछ,

घ. आदिवासीहरुको सवाल र चासोका बिषयहरुमा चित्रण गर्ने शिप र कम्तिमा ३ बर्ष राष्ट्रिय, क्षेत्रिय या अन्तर्राष्ट्रिय तहमा पैरवी काम गरेको अनुभव हुनु पर्नेछ,

ङ. स्थानिय, राष्ट्रिय र क्षेत्रिय या अन्तर्राष्ट्रिय तहका आदिवासीहरुको सवाल र चासोका बिषयहरुमा गहिरो ज्ञान हुनु पर्नेछ,

च. खास गरि अध्यक्षको हकमा अध्यक्षकोरुपमा काम सम्पन्न गर्ने शिप र समय कम्तिमा महिनामा १० दिन आंशिकरुपमा कामको लागी समय दिने या पुर्णरुपमा महिनाभर समय दिने हुनु पर्नेछ ।

दफा १०ः एआइपिपीको महासचिव निर्देशिका अनुसारको निम्न क्राइटेरिया र योग्यताको आधारमा मनोनयन तथा छनौट हुनेछनः

क. सकृया नेता या एआइपिपीको सदस्य संगठनको सदस्य हुनु पर्नेछ र आदिवासीहरु प्रति प्रतिबद्धता देखाउन सक्ने हुनु पर्नेछ,

ख. ३ बर्ष सम्म एआइपिपीको गतिविधीमा सकृयतापुर्वक संलग्न भएको हुनु पर्नेछ,

ग. आदिवासीको लागी र पक्षमा निरन्तर काम गरेको रेकर्ड राम्रो हुनु पर्नेछ,

घ. आदिवासीहरुको सवाल र चासोका बिषयहरुमा चित्रण गर्ने शिप र कम्तिमा ३ बर्ष राष्ट्रिय, क्षेत्रिय या अन्तर्राष्ट्रिय तहमा पैरवी काम गरेको अनुभव हुनु पर्नेछ,

ङ. फण्ड उठाउन र प्रस्ताव लेखन शिप भएको हुनु पर्नेछ,

च. आदीवासीको आधारभुत तहको गहिरो ज्ञानका साथै आदिवासीहरुको सवालमा क्षेत्रिय तथा अन्तर्राष्ट्रिय कामसंग जानकार तथा अनुभव भएको हुनु पर्नेछ,

छ. नेतृत्व गर्ने शिप र समन्वय, सन्जालिकरण र पैरवी गर्ने शिप हुनु पर्नेछ,

ज. सचिवालयसंग पुर्ण समय काम गर्ने उत्कट चाहना र प्रतिबद्धता भएको हुनु पर्नेछ ।

दफा ११ः सचिवालयले एआइपिपीका कर्मचारीहरु मध्येबाट कार्यकारिणी परिषदको सदस्य (भोटिङ अधिकार नभएको) हुन मनोनयन गर्नेछ,

दफा १२ः कार्यकारिणी परिषदको सदस्यले छोडेको खण्डमा, जुन उपक्षेत्रबाट सो सदस्य मनोनयन भएको कार्यकारिणी परिषदले अध्यक्ष मार्फत सो उपक्षेत्रलाई चाडो भन्दा चाडो परिषद सदस्य मनोनयन गर्नको लागी भन्नेछ । सदस्यहरु बिच सहमति नभएको बिशेष परिस्थितिमा, कार्यकारिणी परिषदले कुनै एक का.प.को एक सदस्यलाई सो उपक्षेत्रका सदस्यहरुसंग का.प. सदस्य परिपुर्ति गर्न सहमतिय स्थितिमा पुग्ने परिबेश नबनेसम्म परामर्श, समन्वय र सन्चार गर्ने अधिकार प्रत्यायोजन गर्नेछ,

दफा १३ः कुनै पनि का.प. सदस्य यदि चित्त बुझ्दो आधार बिना का.प.को दुई बैठकमा आउन या सहभागी हुन या सन्चार गर्न असफल रहेमा सो सदस्यको अवस्था बर्गिकरण गर्न कार्यकारिणी परिषदलाई बिशेषाधिकार हुनेछ । यस्तो अवस्थामा, कार्यकारिणी परिषदले उक्त निस्कृया सदस्यको अवस्थाबारे सम्बन्धित उपक्षेत्रका सदस्यहरुसंग उनीहरुका बिचार तथा सिफारिस बुझ्न सन्चार गर्नेछ । यस्तो परिपुर्ति गर्नु पर्ने अवस्थामा, उपक्षेत्रका सम्बन्धित सदस्यहरुले ६ महिना भित्र नया कार्यकारिणी परिषद सदस्य चयन गर्नु पर्नेछ या यदि समयले दिएमा कार्यकारिणी परिषदको बैठक अघाडी या परिपुर्ति गरिनु पर्ने सदस्यको छनौट उपक्षेत्रको बैठकको समयमा चयन गरिनु पर्नेछ । यदि उक्त उपक्षेत्रका

सदस्यहरुले चयन गर्न असमर्थ रहेमा या माथी भने अनुसार सहमतिमा पुग्न नसकेमा कार्यकारिणी परिषदले का.प.को कुनै एक सदस्यलाई ने बाकी समयको लागी सम्बन्धित उपक्षेत्रको ईन्चार्ज तोक्नेछ ।

दफा १४: कार्यकारिणी परिषदको कुनै पनि सदस्यले एआइपिपीको कुनै पनि निति तथा निर्देशन / निर्देशिका उलंघन गरेको प्रमाणीत भएमा या स्वार्थ बाझिएको अवस्थामा कुनै पनि सदस्य संगठनले कार्यकारिणी परिषदलाई कार्वाहीको लागी अध्यक्ष मार्फत सिफारिस गर्न सक्छ । यसको लागी कार्यकारिणी परिषदले कार्वाही गर्न उपयुक्त प्रकृया अपनाउन सक्नेछ जस्ले कार्यकारिणी परिषदको सदस्यबाट अस्थायी निलम्बन देखि निस्कासनसम्म गर्न सक्ने प्रकृया अपनाउन सक्छ । यस्तो केशको परिपुर्तिको लागी, चरणहरु दफा ५ मा तोकिएको लागु हुनेछ ।

दफा १५: कार्यकारिणी परिषदले सम्भव सबै चरणहरु तथा उपायहरु अपनाउने छ र कार्यकाल सकिनु अघि महासचिवले छोडेको अवस्थामा नया महासचिव चलन गर्न साधारण सभाको असाधारण बैठक बोलाउन र सन्चालन गर्नेछ । कार्यकारिणी परिषदले अन्तरिम समयको लागी निमित्त महासचिवको मनोनयन गर्न सक्नेछ ।

दफा १६: कार्यकारिणी परिषदको सामान्य कार्य निम्न बमोजिम हुनेछ:

क. साधारण सभा नहुदासम्मको समयमा कार्यकारिणी परिषद संगठनको निर्णय गर्ने निकाय हुनेछ,

ख. कार्यकारिणी परिषदको प्राथमिक काम एआइपिपीको कामलाई निर्देशित र सुपरिबेक्षण गर्नु हुनेछ, यसको साथै साधारण सभाले दिएको म्याण्डेट र निर्देशन अनि कामहरु अनुसारको आवधिक रणनितिक योजनाको कार्यान्वियनलाई निर्देशित र सुपरिबेक्षण गर्नु पनि यसको काम हुनेछ,

ग. कार्यकारिणी परिषदले एआइपिपीको बेरोकटोक कार्यको लागी आवश्यक पर्ने उपयुक्त निति तथा निर्देशिका निर्माण गर्नेछ, साथ साथै सांगठानिक सिद्घान्त, लक्ष र उदेश्यहरुलाई क्रियान्वयनमा आवश्यक पर्ने निति र निर्देशिका पनि निर्माण गर्नेछ,

घ. कार्यकारिणी परिषदले सुझाव, टिप्पणी, सिफारिस प्राप्त गर्नेछ र सुझाव, टिप्पणी, सिफारिस र सदस्यहरुबाट प्राप्त एआइपिपीको कार्यसंग सम्बन्धित अन्य बिषयहरुमा काम गर्नेछ, साथै एआइपिपीको कार्यको आवधिक समिक्षा मुल्यान्कन सन्चलान गर्नेछ,

ङ. कार्यकारिणी परिषदले महासचिवलाई कार्यक्रम रणनिति र कार्यान्वियनका साथै एआइपिपीका कार्यक्रम र गतिविधीहरुलाई सहयोग गर्न श्रोत परिचालनसंग सम्बन्धित सिफारिसहरुलाई सम्बोधन गर्न अधिकार दिनेछ,

च. कार्यकारिणी परिषदले महासचिवको म्याण्डेट र काम सम्बन्धमा महासचिवले गरेका कार्यहरुको प्रतिबेदन प्राप्त गर्ने र समिक्षा गर्नेछ,

छ. कार्यकारिणी परिषद साधारण सभाको तयारी गर्न र आयोजना गर्न जिम्मेवार हुनेछ, यसका साथै यो सचिवायलयको सहयोगमा कार्यकारिणी परिषदको प्रतिबेदन तयारी गर्न पनि जिम्मेवार हुनेछ,

ज. कार्यकारिणी परिषदले बार्षिक अडिट भएको बित्तिय प्रतिबेदन प्राप्त गर्नेछ, र एआइपिपीका कार्यक्रम र गतिविधीहरुलाई सहयोग गर्न बार्षिक बजेट स्विकृत गर्नेछ,

झ.कार्यकारिणी परिषदले एआइपिपीको बार्षीक योजना स्किृत गर्नेछ,

ञ. कार्यकारिणी परिषदले एआइपिपीका कर्मचारी नितिहरु र निर्देशिकाहरुलाई समिक्षा गर्नेछ र महासचिव, उपमहासचिव र सचिवालयबाट आएका सिफारिसहरु माथी काम गर्नेछ,

ट. कार्यकारिणी परिषदले कर्मचारी सदस्यहरुको कार्य सम्पन्नताको मुल्यान्कनका समिक्षा गर्नेछ,

ठ. कार्यकारिणी परिषद सदस्यहरु एआइपिपीका कार्यक्रम समितिको संयोजक हुनेछन,

ड. कार्यकारिणी परिषदले एआइपिपीको लक्ष र उदेश्यहरुलाई रक्षा गर्न र कार्यान्वयन गर्न आवश्यक हुने सबै कामहरु गर्नेछ र उहि प्रतिबेदन साधारण सभामा प्रस्तुत गर्नेछ ।

दफा १७: कार्यकारिणी परिषदका हरेक सदस्यको निम्न बमोजिमको काम र कर्तव्य हुनेछः

क. कार्यकारिणी परिषदको कार्यसंग सम्बन्धित बिषयमा नियमित सन्चारलाई कायम राख्ने र तिनीहरुलाई जबाफ दिने,

ख. कार्यकारिणी परिषदको टेलिकन्फरेन्समा सहभागी हुने,

ग. कार्यकारिणी परिषदको बैठकहरुमा भाग लिने,

घ. महासचिवको परामर्शमा र उपमहासचिव र सचिवालयको सहयोगमा उनीहरु सम्बन्धित उपक्षेत्रका उपक्षेत्रिय बैठकहरुको तयारी, समन्वय र सन्चालन गर्ने,

ङ. अनुरोध भएका र उपयुक्त जहा हुन्छ त्यहा एआइपिपीको गतिविधीहरुमा सहभागी हुने,

च. जहा सम्भव हुन्छ त्यहा एआइपिपीको प्रतिनिधीत्व गर्ने,

छ. उनीहरु सम्बन्धित उपक्षेत्रमा सांगठानिक सवलिकरणमा सहयोग र सन्जालिकरण गर्ने,

ज. उनीहरु सम्बन्धित उपक्षेत्रका एआइपिपीका सदस्यहरुसंग परामर्शका साथ उनीहरु सम्बन्धित उपक्षेत्रबाट आएकार संगठनहरुको निबेदनको बैधानिक प्रकृयामा सहयोग गर्ने,

झ. एआइपिपी कम्तिमा कुनै एक कार्यक्रमको संयोजक या सहसंयोजक हुने, र सचिवालयसंगको सजिव सम्बन्ध कायम राख्ने,

ञ. कार्यक्रम योजना र कार्यान्वयनमा निर्देशन या सल्लाह दिने,

ट. आवश्यक्ता या उपयुत्तता हेरी उनीहरु सम्बन्धित उपक्षेत्रबाट निबेदन दिएका कर्मचारी उम्मेदवारहरुको अन्तरवार्ता लिनमा सहयोग गर्ने,

ठ. कार्यकारिणी परिषदले दिएका अन्य कामहरु सम्पन्न गर्ने ।

धारा ५. कार्यक्रम समितिः बनावट र कार्य

दफा १: कार्यक्रम समितिको क्राइटेरिया र बनावट निम्न कुरामा आधारित हुनेछः

- सदस्य संगठनले तोकि पठाएको प्रतिनिधी जोसंग चाहिएको भएको शिप, ज्ञान र सम्बन्धित समितिमा सकृय सदस्य हुन समय हुनु पर्नेछ,

- सन्जालका आदिवासी नेता जोसंग खास कार्यक्रम तथा सवालमा बिशेषज्ञता रहेको छ र तिनै खास कार्यक्रमका सवालहरुमा आफ्नो संगठनमा संस्थामा या समुदायमा सोझै संलग्न भएका हुन्छन,
- लैंगिक सन्तुलन, उपक्षेत्रबाट प्रतिनिधीत्व, लैंगिक र युवाको सहभागिता कार्यक्रम समिति निर्माणको लागी समग्र क्राइटेरियाकोरुपमा लागु हुनेछ,

दफा २: सदस्य संगठनहरुले कार्यकारिणी परिषद इन्चार्ज, महासचिव र कार्यक्रम संयोजकलाई चित्त बुझ्दो आधारका साथ सुचना दिएर कार्यक्रम समितिको प्रतिनिधी बदल्न सक्नेछन ।

दफा ३: कुनै पनि सदस्य जो १ (एक) बर्ष देखि सम्पर्क तथा सन्चारमा रहेको छैन अथवा कार्यक्रम समितिको बैठकमा भाग लिएको छैन या गतिविधीमा भाग लिएको छैन भने त्यस्तो सदस्यलाई निस्कृय सदस्यकोरुपमा बर्गिकरण गरिनेछ र त्यस्ता सदस्यलाई सम्बन्धित उपक्षेत्रका सदस्य संगठनहरुसंगको परामर्शमा कार्यक्रम समितिले सुचना दिएर बदल्न सक्नेछ,

दफा ४: आदिवासी बिशेषज्ञ जो १ (एक) बर्ष देखि सम्पर्क तथा सन्चारमा रहेको छैन अथवा कार्यक्रम समितिको बैठकमा भाग लिएको छैन भने त्यस्तो सदस्यलाई निस्कृय सदस्यकोरुपमा बर्गिकरण गरिनेछ र त्यस्ता बिज्ञलाई कार्यकारिणी परिषदको ईन्चार्ज र महासचिवसंगको परामर्शमा कार्यक्रम समितिले सुचना दिएर बदल्न सक्नेछ,

दफा ५: कार्यक्रम र गतिविधीहरुलाई कार्यान्वयनको कर्मचारी ईन्चार्जलाई सल्लाह र निर्देशन दिनु एआइपिपी कार्यक्रम समितिको प्राथमिक कार्य हुनेछ,

दफा ६: अधिल्लो बर्षमा भएको कार्यान्वयन भएको कामको प्रगति मुल्यान्कन र समिक्षा गर्न कार्यक्रम समितिको दुई बर्षमा कम्तिमा एक पटक बैठक बोलाउनु र बस्नु पर्नेछ, र अर्को बर्षको लागी योजना गर्नु पर्नेछ,

दफा ७: समितिले सुझाव, टिप्पणी, सिफारिस र एआइपिपी सदस्यहरुबाट आएका अन्य कुराहरु प्राप्त गर्नेछ र तिनीहरुको समाधानको लागी काम गर्नेछ, र महासचिव / उपमहासचिव तथा अध्यक्षसंगको परामर्शमा यससंग सम्बन्धित कार्यक्रम र गतिविधीहरुको कार्यान्वयन सम्बन्धमा सम्पर्क गर्नेछ,

दफा ८: कार्यकारिणी परिषदका प्रतिनिधी सम्बन्धित कार्यक्रम संयोजकको सहयोग अनि महासचिव / उपमहासचिवको समर्थनले सम्बन्धित कार्यक्रम समितिमा कार्यक्रम योजना र कार्यान्वयमा निर्देशन दिन सकृया हुन सक्नेछन्,

दफा ९: कार्यकारिणी परिषद प्रतिनिधीले कार्यक्रम समितिमा परिबेशको आधारमा फरक फरक केशमा उसको / उनको काम का.प.को अर्को सदस्यलाई प्रत्यायोजन गर्न सक्छ,

दफा १०: कार्यक्रम समितिले एआइपिपीको लक्ष र उदेश्यहरुलाई कार्यान्वयन गर्न र थेग्न या रक्षा गर्न सबै आवश्यकिय कार्यहरु गर्नेछ र सम्बन्धित कार्यक्रम समितिमा रहेको परिषद प्रतिनिधी मार्फत कार्यकारिणी परिषदमा कामको प्रगति प्रतिबेदन प्रस्तुत गर्नेछ,

दफा ११: अन्तिमरुपमा कार्यक्रम समितिले निस्कृय सदस्यहरुको कारण उपयुक्तरुपमा काम गर्न असफल रहेमा, सचिवालयले जिम्मेवारी तोकिएको कार्यकारिणी परिषद सदस्यसंगको परामर्शमा महासचिव / उपमहासचिव मार्फत सो कार्यक्रम समितिका सदस्यहरु पुनर्गठन गर्ने कदम चाल्नेछ,

धारा ६. क्रमको शासन

दफा १: एआइपिपीले सहमतिय निर्णय गर्ने प्रकृयालाई रक्षा गर्नेछ । यदि सदस्यहरु बिच सहमति सम्भव नभएमा निर्णय गर्ने तरिका एक देश एक मतको आधार निर्णय हुनेछ, र निम्न प्रकृया मार्फत निर्णय हुनेछ:

- प्रत्येक देशमा / भौगोलिक विभाजनमा सदस्यहरु बिच उनीहरुको मतले निर्णय गर्न मत दिने व्यवस्थालाई सन्चालन गरिनेछ । प्रत्येक देश / एआइपिपीको भौगोलिक विभाजनले साधारण सभामा आफ्नो मताधिकारलाई प्रयोग गर्दै मतदान गर्नेछन,

धारा ७. एआइपिपी सचिवालय

दफा १: सचिवालयको बनावट कार्यक्रम कार्यान्वयनको लागी आवश्यक्ता र एआइपिपीको आर्थिक क्षमतामा आधारित रहनेछ,

दफा २: उपमहासचिवको कार्य बिबरण शर्तका साथ साथै काम र जिम्मेवारी महासचिव र कार्यकारिणी परिषदले बनाउनेछ, र महासचिव र कार्यकारिणी परिषदले उपमहासचिवको नियमितरुपमा कार्य सम्पन्नताको मुल्यान्कन र समिक्षा गर्नेछ,

दफा ३: सचिवालयको क्रियान्वयन कार्यकारिणी परिषदद्धारा स्विकृत भएको एआइपिपीको कर्मचारी निति र निर्देशिकामा आधारित हुनेछ, र कुनै का.प. सदस्यको या सचिवालयको सिफारिस या अनुरोधमा यसको समिक्षा हुनेछ,

दफा ४: सचिवायले सुपरिबेक्षण र अन्य बिचारणीय कामको लागी चाहिए अनुसार र आवश्यक्तामा आधारित स्वयं सेवक संलग्न या नियुक्त गर्न सक्छ,

दफा ५: एआइपिपी सचिवालयको कर्तव्य निम्नानुसार हुनेछ:

क. सचिवालयले आफ्नो कामको प्रगति महासचिव मार्फत कार्यकारिणी परिषदमा प्रस्तुत गर्नेछ,

ख. एआइपिपीको बार्षिक प्रतिबेदनका साथै दाताहरुलाई दिने परियोजना प्रस्ताव तयार गर्न, कार्यक्रम र बित्त प्रतिबेदन तयार गर्न सचिवालय जिम्मेवार हुनेछ,

ग. एआइपिपीको बिधान र नियमहरु अनुसार काम गर्दै लागु गर्न र संग संगै यसका निति र निर्देशिकाहरुलाई कार्यान्वयन गर्न सचिवालयको कर्तव्य हुनेछ,

धारा ८. प्रभावकारिता र संसोधन

दफा १: यो बिधान र नियमहरु सदस्यहरुले पास गरे लगत्तै लागु हुनेछ ।